भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष : ०८१।०८२

सूचना नं.: ८०

## आर्थिक वर्ष २०८१/०८२ को सम्पति विवरण पेश गर्ने सम्बन्धि सूचना !

(सूचना प्रकाशित मितिः२०८२/०३/३१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१), निजामति सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामति सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारी, शिक्षक, जनप्रतिनिधि/ पदाधिकारीहरुले आर्थिक वर्ष समाप्त भएको ६० (साठी) दिनभित्र आफ्नो सम्पति विवरण बुझाउनुपर्ने व्यवस्था छ। तसर्थ : आ.व. २०८१/०८२ को सम्पति विवरण निर्धारित ढाँचामा भरी छुट्टाछुट्टै खामबन्दी गरी खाम बाहिर देहाय बमोजिमको विवरणसहित जनप्रतिनिधि/ पदाधिकारी, स्थानीय तहका कर्मचारी (स्थायी र करार) र शिक्षक (करार) हरुको हकमा भूमे गाउँ कार्यपालिकाको कार्यालय मार्फत प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, स्थायी शिक्षकहरुको हकमा शिक्षक किताबखाता र संघीय निजामती सेवा ऐन बमोजिम नियुक्ती भई समायोजन भएका कर्मचारीहरुको हकमा सिधै राष्ट्रिय किताबखानामा निर्धारित समयमा आफ्नो सम्पति विवरण अनिवार्य दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयवधिभित्र सम्पति विवरण पेश नगरेमा रु. ५,०००। (पाँच हजार) जरिवानाका साथै पुन : सम्पति विवरण पेश गर्नुपर्ने भएकोले सबैले तोकिएको अवधिभित्र अनिवार्य सम्पति विवरण भरेर पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

### सम्पति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण :

**कर्मचारीहरुको हकमा:**

**आ.व. २०८१/०८२ को सम्पति विवरण :**

**कर्मचारी संकेत नं. :** **श्रेणी/ तह :**

**नामथर :** **कार्यरत कार्यालय :**

**पद/दर्जा :** **मोबाइल नं. :**

**सेवा/ समूह :** **ईमेल ठेगाना :**

**शिक्षकको हकमा :**

**आ.व. २०८१/०८२ को सम्पति विवरण :**

**शिक्षकको नामथर :** **संकेत नं. :**

**तह :** **कार्यरत विद्यालय :**

**श्रेणी :** **मोबाइल नं. :**

**पद :** **ईमेल ठेगाना :**

**जनप्रतिनिधि/पदाधिकारीहरुको हकमा :**

**आ.व. २०८१/०८२ को सम्पति विवरण :**

**नामथर :** **प्रदेश :**

**जिल्ला :** **स्थानीय तहको नाम :**

**हालको पद/ दर्जा :** **वडा नं. :**

**मोबाइल नं. :** **ईमेल ठेगाना :**

..................

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत